गल्कोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गल्कोट, बागलुङ

४ नं. प्रदेश, नेपाल

प.स.: २०७४।७५

च.न.: २७६

**मितिः २०७४/ ११/२५**

**विषयः आधारभूत तह (कक्षा ८) उतीर्ण परीक्षा सञ्चालन सम्बन्धि निर्देशन सम्बन्धमा ।**

**श्री गल्कोट नगरपालिका स्थित सम्पूर्ण माध्यमिक तथा आधारभुत विद्यालयहरु,**

प्रस्तुत विषयमा आधारभूत तह उतीर्ण नगरस्तरिय परीक्षा समिति गल्कोट बागलुङको मिति २०७४।११।२२ को निर्णयानुसार शैक्षिक सत्र २०७४ को **आधारभूत तह (कक्षा ८) उतीर्ण परीक्षा** सम्बन्धित विद्यालयमा तपसिलको मिति र समयमा सञ्चालन गरिने व्यहोरा अवगत गराउँदै निम्नानुसारको निर्देशन कार्यान्वयन गर्नु गराउनु हुन अनुरोध छ ।

**तपसिल**

**परीक्षा सञ्चालन समय तालिका**

| क.स. | विषय | मिति | बार | समय | कैफियत |
|---|---|---|---|---|---|
| १ | अंग्रेजी | २०७४।१२।८ | विहिवार | दिउस १२.३० देखि | |
| २ | नेपाली | २०७४।१२।९ | शुक्रबार | दिउस १२.३० देखि | |
| ३ | गणित | २०७४।१२।१२ | सोमवार | दिउस १२.३० देखि | |
| ४ | विज्ञान तथा वातावरण | २०७४।१२।१३ | मंगलवार | दिउस १२.३० देखि | |
| ५ | सामाजिक अध्ययन र जनसंख्या शिक्षा | २०७४।१२।१४ | वुधबार | दिउस १२.३० देखि | |
| ६ | पेसा ,व्यवसाय र प्रविधि शिक्षा | २०७४।१२।१५ | विहिवार | दिउस १२.३० देखि | |
| ७ | स्वास्थ्य शारीरिक र नैतिक शिक्षा | २०७४।१२।१६ | शुक्रवार | दिउस १२.३० देखि | |
| ८ | मातृ भाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषय | २०७४।१२।१८ | आइतवार | दिउस १२.३० देखि | |

**निर्देशनहरु**

१) सम्बन्धित मावि र आधारभुत बिद्यालयमा नै परीक्षा केन्द्र कायम गरिएकोले सम्बन्धित प्र.अ. ले केन्द्राध्यक्ष भई काम गर्ने ,

२) परीक्षालाई व्यवस्थित मर्यादित र भयरहित वातावरणमा सञ्चालन गर्न सम्बन्धित विद्यालय, शिक्षक, प्र.अ. हरुको महत्वपुर्ण भूमिका हुने भएकोले आवश्यक सहयोग र समन्वय गर्ने,

३) तोकिएको ढाँचामा कक्षा ८ मा अध्ययनरत सम्पूर्ण छात्र छात्राहरुको विवरण English Capital Letter मा पछिसम्म फरक नपर्ने गरी स्रोतकेन्द्रमार्फत र पछि मार्क लेजरमा प्राप्तांक भर्दा पनि विद्यार्थीको विवरण पठाउँदाको क्रममा नै राखी तयार गर्ने

४) नगर शिक्षा कार्यालयबाट उपलब्ध गराउने प्रश्नपत्र, मार्कलेजर र उत्तरपुस्तिका सहितका सामग्रीहरु मिति २०७४।१२।०५ गते वितरण गरिने भएकोले नगर शिक्षा कार्यालयबाट प्र.अ. वा प्र.अ. ले तोकेको शिक्षकले भरपाई गरी बुझी लिने ।

गल्कोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

गल्कोट, बागलुङ

**४ नं. प्रदेश, नेपाल**


प.स.: २०७४।७५

च.न.: २७६

५) संस्थागत विद्यालयहरुले प्रति विद्यार्थी रु २०० (दुईसय) का दरले नगद जम्मा मिति २०७४/११/३० गते सम्म नगर शिक्षा कार्यालयमा गर्ने ।

६) सम्बन्धित विद्यालयको प्र.अ. नै केन्द्राध्यक्ष हुने र प्र.अ. ले नै परीक्षा केन्द्रको लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्नुपर्ने ।

७) उ.पु. परीक्षण कार्य विद्यालयले नै गर्ने र नगर शिक्षा कार्यालय. बाट उपलब्ध हुने मार्कलेजरमा प्राप्तांक भरी नतिजा तयार गरी नेपाली, अंग्रेजी, गणित र विज्ञान तथा वातावरण चार(४) विषयका पहिलो ,दोस्रो,तेस्रो र कम अंक प्राप्त गर्ने ३/३ वटा उत्तरपुस्तिकाहरु सहित मिति २०७४।१२।२५ सम्म नगरपालिकामा बुझाउने,

८) मिति २०७४।१२।२८ सम्म प्राप्त नतिजा लेजर प्रमाणित गरी विद्यालयलाई फिर्ता दिने र सो लेजरमा भएको नतिजा प्रत्येक विद्यालयले २०७४।१२।३० मा प्रकाशित गर्ने,

९) परीक्षा सञ्चालनका क्रममा कुनै भवितव्य पर्न गई समस्या आइपरेमा सम्बन्धित विद्यालयका विषय शिक्षकबाट प्रश्न निर्माण गरी परीक्षा सञ्चालन गर्ने र सो को जानकारी नगर शिक्षा कार्यालयमा. गराउने

१०) कम्प्युटर शिक्षा वाहेक संस्कृत वा अन्य विषय को प्रश्नपत्र विद्यालय आफैंले निर्माण गरी सञ्चालन गर्ने

११) प्रश्न पत्रको पोका बाहिर लेखिएको विषय, मिति र समय रुजु गरे पछि मात्र प्रश्नपत्रको पोका खोल्ने ।

१२) २०७४।१२।१९ गते आधारभूत शिक्षा पाठ्यक्रम २०६९ ले निर्दिष्ट गरे बमोजिम नेपाली, अंग्रेजी, सामाजिक, विज्ञान, स्वा.शा., नैतिक र पेशा, व्यवसाय , प्रविधि शिक्षा र कम्प्युटर विषयको प्रयोगात्मक परीक्षा अनिवार्य लिने ।

**दिनेश पन्त**
**सदस्य सचिव**

**बम बहादुर थापा**
**सँयोजक**